# कथाका क्रियाकलाप



११+
रमाइलो क्रियाकलाप

उमेर समूह ५-१०

Australian Aid

The Asia Foundation

Let's Read

An Initiative of Karkhana

**अस्वीकरण :**

यो **कथाका क्रियाकलाप** नामक प्रकाशन तथा संलग्न शैक्षिक सामग्री अष्ट्रेलिया सरकार, वैदेशिक मामिला तथा व्यापार विभागको सहयोगमा दी एसिया फाउण्डेसनद्धारा सञ्चालित कोभिड–१९ आकस्मिक प्रतिकार्य- शिक्षा सहयोग कार्यक्रम अन्तर्गत अनुवादित रूपमा तयार गरी साझेदार नगरपालिकामा निःशुल्क वितरणरका लागि उपलब्ध गराइएको हो । उल्लिखित प्रकाशन, अनुवादित सामग्री तथा संलग्न शैक्षिक सामग्रीमा व्यक्त विचारहरूले साझेदार नगरपालिका, अष्ट्रेलिया सरकार तथा दी एसिया फाउण्डेसनको आधिकारिक धारणालाई प्रतिनिधित्व गरेको मानिने छैन । साथै प्रकाशनमा समावेश भएका कुनै पनि कथा वस्तु वा शैक्षिक सामग्रीमा हुनसक्ने सम्भाव्य त्रुटीहरूको लागि साझेदार नगरपालिका एवं अष्ट्रेलिया सरकार तथा दी एसिया फाउण्डेसन जिम्मेवार हुनेछैन ।

**बाल संरक्षण नीति :**

बालबालिका कुनै पनि वेला हेला, हिंसा, दुर्व्यवहार, विभेद, मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक समस्यामा पर्न सक्दछन् । उनीहरु विरूद्ध यौन दुर्व्यवहार, श्रम शोषण तथा बाल विवाह, बेचविखन एवं ओसार पसार जस्ता अपराध हुन सक्दछ । यसै गरी, बालबालिका हराउने, बेवारिसे फेला पर्ने तथा परि त्याग गरिएको पनि हुन सक्दछन् । यदि कुनै पनि बालबालिका यस्तै जोखिममा तथा समस्यामा परेका छन् भने बाल हेल्पलाइन नेपालको आपत्कालीन पैसा नलाग्ने फोन नं १०९८ मा सम्पर्क गर्न सकिन्छ । जोखिममा परेका बालबालिकालाई बाल हेल्पलाइनले तत्काल सहयोग र परामर्श गर्ने छ ।

# ५ हवाइजहाजहरू कसरी उड्छन् ?

## विद्यार्थीका लागि क्रियाकलाप

letsread.asia/AeroplanesFly





सरला चराहरू आकाशमा उडे जस्तै उड्न चाहन्छिन् । ठूली भएपछि पाइलट बनेर आकाशमा ठूलो हवाइजहाज चलाउने उनको चाहना छ । के तिमील पाइलटले हवाइजहाज नियन्त्रण गर्न प्रयोग गर्ने बटन र अरू उपकरण देखेका छौ ?

एउटा ठूलो हवाइजहाज धातु र इञ्जिन र धेरैवटा स-साना मसिनहरू बाट बनेको यन्त्र हो । यो यन्त्र धेरै जटिल हुन्छ । यो उड्नका लागि इन्धन प्रयोग हुन्छ । र, धेरै कम समयमा लामो दूरी यात्रा गर्न सक्छ ।

तर, सरलाले केही उड्ाउनका लागि ठूली हुन्जेलसम्म पर्खनु पर्दैन ।

ग्लाइडरहरू साना हवाइजहाजहरू हुन् । तिनमा साना इञ्जिनहरू हुन्छन् । साथै, ती हलुका हुन्छन् र तिनका ठूला पखेटाहरू हुन्छन् जसबाट तिनलाई हावामा पनि तैरिन मद्दत पुग्छ ।

हामी सरलालाई साना ग्लाइडर बनाउन सहयोग गरौं जसलाई इञ्जिन आवश्यक पर्दैन र उडाउनका लागि निकै रमाइलो हुन्छ ।

### शुरू गर्नुभन्दा अघि यी सामग्री छन्/छैनन्, पक्का होऊ ।

१. प्लास्टिकको नली
२. कागज
३. रूलर
४. कैँची
५. सेलो टेप



# हामी आफ्नै गोलो ग्लाइडर बनाऔँ



**चरण १**

कागज लेऊ र दुई आयत आकारमा नाप अनुसार काट । एउटाको नाप २ से.मी. x १६ से.मी. र अर्कोको २ से.मी. ह १० से.मी.हुनु पर्छ ।




**चरण २**

ठूलो आकारको आयतलाई बङ्ग्याएर गोलाकार बनाऊ । यसको अन्तिम भाग थोरै खप्टिन्छ। त्यसरी खप्टिएको भागमा सेलो टेप टाँसेर अड्याऊ ।



**चरण ३**

सानो आयतलाई पनि उसैगरी गोलो बनाऊ ।



**चरण ४**

प्लास्टिकको नलीलाई १५ से.मी. लम्बाईमा काट ।



**चरण ५**

प्लास्टिकको नलीसँग सानो गोलो लाई एकाछेऊ र ठूलोलाई अर्को तिरको छेऊमा टेपले टाँस ।



**चरण ६**

गोलाकार ग्लाइडर उडाउन हात माथि उचालेर अगाडि सानो गो लाकार भागलाई अगाडि पारी हल्का तरिकाले फाल । गोलो ग्लाइडर हावामा बिस्तारै उड्नेछ ।



## बधाई छ !

तिम्रो गोलो ग्लाइडर तयार भयो !
यदि ग्लाइडर हल्लियो भने त्यसको गोलाकार भागहरूलाई मिलाऊ ।



## सीप बढाऊ

१. तिम्रो ग्लाइडरले अझै लामो दूरी पार गर्न सक्नेगरी गोलाकारको डिजाइन गर ।
२. धेरै प्लास्टिकका नली र वृत्ताकारहरु थप गरी अझै ठूलो ग्लाइडर बनाऊ ।
३. विभिन्न आकारहरु बनाई ग्लाइडरको परीक्षण गर । तिमीले वृत्ताकारको साटो त्रिभुज वा आयातलाई प्रयोग गरेर हेर्न सक्छौ ।





## दिमाग लगाऊ

१. हवाइजहाजमा पखेटा हुन्छ भन्ने तिमीलाई पक्कै थाहा छ ।
२. तिम्रो गोलो ग्लाइडरमा पखेटाहरु हाल । यसबाट तिम्रो डिजाइन अझै सुध्रिएको छ वा छैन, परीक्षण गर ।
३. तिमीले त्यसमा पखेटा सीधा टाँसेनौ भने के होला ?
४. उड्नुको सट्टा उड्ने होइन सलल बग्ने कुनै चरा वा यन्त्रको उदाहरण सोच ।
५. गोलाकार ग्लाइडरमा एउटा हवाइजहाजमा जस्तै सोलीको आकार साँघुरो बनोट थप्यौ भने के होला ?

## कार्यपुस्तिका  हवाइजहाज कसरी उड्छन् ?

तिम्रो गोलो ग्लाइडरमा विभिन्न कुराहरू हेरफेर गर र यसको कारणले गतिमा आएको परिवर्तनलाई अवलोकन गर ।

तिम्रो अवलोकनको विवरण राख्न तलका तालिका प्रयोग गर ।





| यी परिवर्तनहरू गरेर हेर । | ग्लाइडरको उडानमा के भयो ? |
|---|---|
| ग्लाइडरमा रहेका वृत्तलाई विभिन्न ठाउँमा राख । | |
| गोलाकारको सट्टा त्रिभुजीय वा वर्गाकार आकृतिको प्रयोग गर । | |
| पहिलो दुईवटा गोलाकारहरूका माझमा अर्को गोलाकार थप । | |
| तिम्रो ग्लाइडरमा पखेटा थप । | |

**जानिराखौँ** **हवाइजहाज कसरी उड्छन् ?**

## गोलो ग्लाइडरको आकृति

गोलो ग्लाइडरको आकृतिले तिमीलाई के कुराको सम्झना गराउँछ ? तिमीले यसलाई नजिकैबाट हेऱ्यौ भने तिम्रो ग्लाइडरलाई एउटा हवाइजहाज, माछा अथवा कुनै चरा जस्तै देख्नेछौ । तिनीहरूको बनोटलाई streamlined bodies (छिटो-छरितो बनोट) भनिन्छ । यस प्रकारको आकृतिले माछा पानीमा पौडन र चराहरूलाई हावामा सजिलै तैरिन सघाउँछ । हाम्रा ग्लाइडरहरु धेरै राम्रोसँग उड्नुको कारण पनि त्यही हो । तिम्रो विचारमा हाम्रा ग्लाइडरहरु हावामा सजिलै उड्न सक्नुमा अरु कारणहरु के-के होलान् ?

